# हाम्रो आफ्नै शब्दमा

# क्वेर

किशोर दृश्य कथाहरू



BRITISH COUNCIL

हाम्रो आफ्नै शब्दमा

# क्वेर

किशोर द्वारा कथाहरू




**First edition 2022**

All rights reserved. No part of this publication may be sold, stored in a retrieval system, or transmitted, in any form or by any means, electronic, mechanical, photocopying, recording or otherwise is prohibited.

Kaalo.101
Kulimha, Patan
+977-9803553123


Find us on Facebook and
Instagram @ Kaalo.101
www.kaalo101.org

# परियोजनाको विवरण

**'क्वेरः हाम्रै शब्दहरुमा'** तीन महिनाको एक बहुआयमिक परामर्शी परियोजना थियो जसमा १२ नेपाली क्वेर कथाकार, ६ जना लेखक र ६ जना कलाकारहरूलाई ख'ला कल मार्फत आवंटन गरिएको थियो । यस परियोजनाको मुख्य उद्देश्य नेपाली क्वेर समुदायका कलाकार र लेखकहरूलाई उनीहरूको लेखन र दृश्य कथाकथन सीपहरू सिक्न र अन्वेषण गर्न सुरक्षित वातावरण सिर्जना गर्न' थियो। कला, लेखन, र नेटवर्किङका बह'विध स्रोतहरूमा पहुँच प्रदान गरी, यस परियोजनाको हरेक पक्ष सहभागीहरूलाई सशक्त बनाउन र उनीहरूको कथाको स्वामित्व उनीहरुलाई नै सुम्पिन, तथा उनीहरूका व्यक्तिगत अनुभव मात्र नभई सम्पूर्ण समुदायकै कथाहरू प्रतिनिधित्व गर्ने हिसाबले योजना बनाइएको थियो ।

तीन महिनासम्म सहभागीहरूले परियोजनाको क्रममा नेपाल र बेलायतका क्वेर कलाकार र लेखकहरूद्वारा सञ्चालित धेरै भौतिक र अनलाइन कार्यशालाहरूमा भाग लिए । यी सत्रहरूले सहभागीहरूलाई विभिन्न पक्षहरूमा सशक्त बनाउन सहयोग गरे कलाकार र लेखकहरूले आफ्नो शिल्पमा निखार ल्याउन विभिन्न परिप्रेक्ष्य, अभ्यास र प्रविधिहरूको अन्वेषण गरे। यसका साथै, कुराहरु साटासाट सत्र मार्फत सहभागीहरूले नेपालमा क्वेरद्वेषिता विरुद्ध निरन्तर लडिरहेका क्वेर कार्यकर्ताहरूसँग पनि परिचय गर्ने मौका पाए । यो संलग्नताले क्वेर आन्दोलनलाई समर्थन गर्न कला र लेखनको कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरामा प्रकाश पार्यो ।

हाम्रो टोली र सहजकर्ताहरूबाट उनीहरूको यो यात्रामा निरन्तर मार्गदर्शन र प्रतिक्रिया प्राप्त गर्नुको साथै विविध सामाजिक पृष्ठभुमिबाट आएका क्वेर समुदायका तीन मेन्टरहरूले पनि परियोजना भरि सहभागीहरूलाई मार्गदर्शन प्रदान गरे । उनिहरूको निरन्तर प्रतिक्रिया र सुझावहरूले रचनात्मक प्रक्रियामा हाम्रा सहभागीहरूलाई समर्थन गर्न महत्त्वपूर्ण भुमिका खेलेको छ । अन्त्यमा, डिसेम्बर २०२१ मा सहभागीहरूले एक भौतिक प्रदर्शनीमा भाग लिए जसमा १००० भन्दा बढी मानिसहरू सहभागी थिए । सहभागीहरुले सार्वजनिक प्रदर्शनको सन्दर्भ पत्ता लगाउन र मार्चमा हुने विश्व महोत्सवको लागि तयारी गर्न आफ्ना सिर्जनाहरूको प्रगति प्रदर्शन गरे ।



# ब्रिटिश काउन्सिलको विवरण

ब्रिटिश काउन्सिलले कला, संस्कृति, शिक्षा र अंग्रेजी भाषाको माध्यमबाट युके र अन्य देशका मानिसका बीचमा सम्बन्धहरू जोड्छ र बुझाई र विश्वास बढाउँछ ।

ब्रिटिश काउन्सिलको सांस्कृतिक सम्बन्धका काममा कलाको केन्द्रीय स्थान रहिआएको छ । विश्वभर श्रृजनात्मक क्षेत्रलाई अझ बलियो र समावेशी बनाउनका लागि हामीले कलाकारहरु, संस्थाहरु र पाठक/दर्शक/श्रोताका बीचमा नयाँ सम्बन्धहरू बनाउँछौं । हामी कलाकार हरूलाई नयाँ काम गर्न सघाउँछौं, श्रृजनात्मकता र नौलोपनालाई सहयोग गर्छौं, जीविकोपार्जन र सांस्कृतिक उद्योगलाई सहयोग गर्नकालागि सीप बढाएर क्षमता अभिवृद्धि गर्छौं, श्रृजनात्मक आदानप्रदानका लागि सुरक्षित स्थान बढाउँछौं, र अनुसन्धान र नीतिमा योगदान दिन्छौं ।

# कालो.१०१ को विवरण

कालो.१०१ मा हामी संचार र सहयोग आदानप्रदान मार्फत हाम्रो वरपरको भौतिक, सामाजिक र सांस्कृतिक वातावरणसँग संलग्न भई उदीयमान नेपाली कलाकारहरूलाई उत्थान गर्न र कला प्रयोग गरी एक पहुँचयोग्य, सामाजिक रूपमा सचेत, र पूर्ण रूपमा स्वतन्त्र रचनात्मक ठाउँ सिर्जना गर्ने लक्ष्य राख्छौं ।

“ब्ल्याक ट्रेन” मा हाम्रो यात्राको क्रममा हामीले डी.आइ.वाई – शैलीमा पाटनको चार परम्परागत नेवा घरहरूलाई प्रदर्शनी ठाउँ, रेसिडेन्सी, स्टुडियो र पुस्तकालयमा पुनर्निर्माण गर्यौं, जहाँ हामी निरन्तर रूपमा दिगो सह–सृजन र अस्तित्वको अन्वेषण गर्छौं । यी ठाउँ स्थायी बहुसंचारिक शहरी कला संग्रह, प्रदर्शनी, कार्यशाला, कन्सर्ट, पढ्ने सर्कल, छलफल, प्रयोगात्मक कलाकृति, र समुदायको नेतृत्वमा गरिएका आयोजनाहरूका लागि प्रयोग गरिन्छ । हामी कला उत्सवहरू (उदाहरणका लागि, माइक्रो ग्यालरी र पाउ! वाउ! वर्ल्डवाइड) को सहयोगमा गरिएका कार्यक्रम) का साथै पाटन वरपर परित्याग गरिएका घरहरू र लुकेका आँगनहरूमा प्रदर्शनीहरू गराउन कालो.१०१ को पर्खालहरूभन्दा बाहिर जान्छौं ।

कालो.१०१ हाम्रो बहुमुखी कलाकार र कार्यकर्ताहरूको विविध र परासांस्कृतिक परिवारको लागि भौतिक ठाउँ मात्र होइन, सुरक्षित र आरामदायक घर पनि हो। हामी प्रश्नहरू उठाउने मानिसहरूलाई समर्थन गर्छौं र कुनै पनि प्रकारको समकालीन कला प्रस्तुत गर्न, र एकता र सशक्तिकरण प्रदान गरेर आलोचना व्यक्त गर्न सुरक्षित वातावरण प्रदान गर्ने लक्ष्य राख्छौं । हामी एक स्वीकार्य र समर्थन प्रदान गर्ने पारिवारिक वातावरणको कदर गर्छौं र कला र समाजको बारेमा कसैको विचारहरू परिवर्तन गर्ने प्रयास गर्दैनौं । हामी हाम्रो आफ्नै सम्भावना, मूल्य, विश्वासहरू र गैर–श्रेणीबद्ध सहअस्तित्वको अन्वेषण गर्छौं । हामी व्यक्तित्वलाई प्रोत्साहित गर्छौं र मानिसहरूलाई उनीहरूले अपेक्षा गरेभन्दा बाहिर अन्वेषण गर्न सशक्त बनाउन प्रयास गर्छौं – हामी केवल एक कलाको ठाउँ मात्र हैनौं तर जीवित घर हौं जसले औपनिवेशिक सेतो घन जस्ता पूँजीवाद, पदानुक्रम विचारहरूलाई चुनौती दिएर कलालाई पहुँचयोग्य बनाउने लक्ष्य राख्छ। हामी कलाका कुलीन र अभिजात पक्षलाई बहिस्कार गरि सबैका लागि अभिव्यक्तिको सम्भावित रूप प्रस्ताव गर्ने लक्ष्य राख्छौं । हाम्रो घर, यसमा रहेको कला र जोडिएको समुदायले नेपालको संस्कृति, इतिहास र सम्पदालाई समसामयिक परिप्रेक्ष्यमा जोड्ने प्रयास गर्छ र दुवै सन्दर्भसँग जोडिने प्रयोगात्मक कार्य र विचारहरू साझा गर्न चाहन्छ। हाम्रो मुख्यरुपमा नेपाली (र अन्तर्राष्ट्रिय पनि) समुदायसँग समकालीन, आलोचनात्मक र प्रगतिशील दृष्टिकोणसँगको हाम्रो भौतिक र सांस्कृतिक परिवेशको यो संयोजनले हामीलाई एकअर्काबाट र हाम्रो वरपरको ठाउँबाट निरन्तर सिक्न, पहिले सिकिएका कुराहरु त्याग गर्न र पुनः सिक्न प्रोत्साहन दिन्छ ।

हाम्रो आफ्नै शब्दमा

# विराट/फरेस्ट



– प्रस्तावना –

कुनै दिन कसैले औंल्याउनेछ
कि म चुरोटको पफहरूको बीचमा
लामो बिराम लिन्न
कुनै दिन कसैले याद गर्नेछ
मेरा निरन्तर आत्तिरहेका खुट्टा
मेरा टोकिएका नङहरू, सुन्दर ती छैनन्
हो। मेरो अनिर्णयता
खोल्न कहाँ सुरु गरौँ यो सारा रहस्य ?






म भित्रको तूफानलाई सिमित गर्दै
मेरो आकांक्षालाई रोक्दै
एक निर्लज्ज अवस्थामा पुग्ने मेरो आकांक्षा
निर्धक्क भएर यो भन्दा धेरै हासिल गर्ने ज्वाला प्रज्वलित थियो
तर मेरो ज्वाला मधुरो भयो
उज्यालोको प्रकाशमा रम्दै
आगोको त्यो नाच, लयबद्ध पाइलाहरू
मेरो प्रतिबिम्बतिर प्रकाश प्रज्वलित गर्दै
यद्यपि मेरो अस्तित्व अझै जलिरहेको रहस्य रह्यो

पूर्ण रूपमा नबुझिएको कथा
झूटको दहन
जहाँ हामी पल्टिएकाछौँ
जीवनविहीन खरानीले छोपेको भूमि
जसरी मैनबत्तीले ज्वालाको अन्तिम झटकालाई समेट्छ
हाम्रो चिता लामो समयदेखि अज्ञातले बनाइसकेको छ

अन्त्यमा नाम सहितको मृत्यु
भुलिएको भूमिबाट एउटा हात निस्कन्छ
मलाई माथि तान्ने हातका लागि कृतज्ञताका साथ जमीनमा
मेरा जरा बाँधिएका छैनन् अब
ति आगोका झिल्का मार्फत, म ब्यूँझन्छु




कोइला र धुवाँ छालामा झुण्डीसक्यो
पुराना हड्डीहरू बल्दैछन्, आगोमा धातु ले आकार लिए झैँ
आकार लिँदै
अब तीखो, अपूर्ण तर निडर

एकान्तको माटोबाट हुर्कदै,
आत्मिय सान्त्वनाको लागि डुल्दै
मरुभूमिको बिरुवा जस्तै
यात्रुहरु आए तर नरोकिई गए
टुक्रिएको, म आफ्नो बाटो लागेँ
हावा संगै हिड्दै,
मैले त्याग गरेँ

असहनीय डरले ती प्रतिबिम्ब चिर्छ
त्यो भित्ताको अनुहार मेरो हैन
ती सुनौलो घेरा मेरा आँखामा बिझ्छन्
प्रकाशहीन ठाउँमा
अड्किएको छ मेरो घाँटीमा गाँठो
म शब्दकोश लिएर बस्छु
ती अभिमानीहरुका लागि

हामीले सञ्चार गर्ने भाषाले
शायद यो अवस्था उल्टाएको भए
जताततै मिल्ने ती व्यक्तिप्रति
जिम्मेवारी औंल्याएको भए।
“तिमीले ठाउँ किन बनाएनौ ?“
“समावेशीता किन तिम्रो लागि दुःस्वप्न हो ?“
किनकि म बैजनी परदेशी हुँ
अँध्यारो कोठाबाट चियाउँदै
नील र गुलाबी रंगले रंगिएको
यो संसारमा
म कुन राहदानीको लागि आवेदन दिउ
दुःखका ती शहरहरू भ्रमण गर्न
के यो रातो रंगको त हैन ?
ती कोमल जमीन हेर्नका लागि
वा सायद यो हरियो त हैन ?

म जुन छाला लिएर जन्मिएको हो
ऐनामा हेर्दा बिचित्र लाग्छ
सामाजिक रूपमा स्वीकार्य कपडाहरूको तहहरूमा
एन्ड्रोजिनीको भार अझै बोकु ?
यात्रुहरूको छड्के नजर रोक्नका लागि
जोप्रति म मेरो विचित्रताको ऋणी पनि छैन



कालो भेडा भएर गरेको यो यात्रामा
म गोप्यताका साथ हेरिन चाहन्छु
प्रशस्ततामा अस्पष्टता
बोकेको समुन्द्रझैं
म समुन्द्रका ती भाव बुझ्छु
उनको अथाह गहिराई
घर जोड्ने पनि उनी र एक घर तोड्ने पनि
उनी तिक्खर छिन् र म पनि
तर शान्त हुँदा दयालु
उनी लचिलो छिन्, म शायदै उनि जस्तो छु
प्रयास गर्दै छु वा शायद गर्नुको बहाना गर्दै।

मैले भने अनुसार उडेकै छु
निर्जीव माछा जस्तै
निसासिदै
यस साधारणता भन्दा माथि
जब म उठ्न खोज्छु
समाज अनुरूप, एक विस्थापित नागरिक

तर म सुक्ष्म रूपमा विद्रोह गर्छु
बाटोमा साथी र शत्रु नि बनाएँ
जसले मेरो स–साना क्रान्तिहरूलाई सम्बोधन तथा रीस गर्छन्
यसलाई त्याग गर्न खोज्छु, यसको आफ्नै मागहरु छन्
ती भीडमा अटाउन अन्त्यमा हार खानै पर्छ
र आश्चर्यजनक रूपमा कथालाई मोड्ने मौकाहरू
यहाँ जीत हुने छैन
जे होस्, म महिमालाई चुम्बन गर्नेछु
बाइनरी तोड्ने दिशातर्फ पौडी खेल्दै गर्नेछु





केहि दिन म बाइनरी तोड्छु,
धेरै दिन म आफूलाई टुटेको पाउँछु
यसलाई त्याग्ने प्रयास गर्दा
सामाजिक संरचनाहरू मेरो अवचेतनमा
गहिरिएर गाडिएका छन्
न त मेरो कुनै योजाना नै छ न त आफूतिर
ध्यानाकर्षण गर्ने रहर
म केवल एक भावुक मानव, बाँच्ने कोशिसमा
किनभने म जीवित छु, म मान्य छु ।





## विराट

विराट विजय ओझा इटहरीका एक क्वेर व्यक्ति हुन् । उनी एक कन्टेन्ट लेखकका रुपमा व्यवसायिक क्षमतामा काम गर्दै आएको एक वर्ष भन्दा अलि बढी भएको छ। उनी कविता लेख्छन् र सामाजिक अन्यायका विरुद्द सामाजिक संजालमा आवाज उठाउँछन् । उनी सिरिज र सिटकम हेर्न, यात्रा गर्न र उपन्यासहरू पढ्न मन पराउँछन् ।

*Instagram account: @bwriteous*

## फरेस्ट

फरेस्ट एक क्वेर कलाकार हुन् जसको अनेकौं रुचि छन् । बहुमुखी कला शैली भएका फरेस्ट, रुपक अर्थ भएका कलासँग काम गर्न रुचाउँछन् । उनका लागि कला एक थेरापी तथा अभिव्यक्तिको माध्यम हो। उनी आफ्नो सिर्जनाद्वारा न्यानोपन दिन, पाठकहरुलाई घर आएको जस्तो महसुस गराउन, उनीहरुलाई नयाँ संसार वा परिप्रेक्ष्यमा टेलिपोर्ट गराउन चहान्छन् ।

*Instagram account: @forestghibli*

सुची / झर्ना





अब परिचय दिने पालो मेरो आयो ।
"नमस्ते सबैजना । म हुँ–" मैले यति मात्र भन्न सकें। यो देखेर मेरा सहपाठीहरू हाँस्न थाले । उनीहरुको हाँसो जति चर्को हुँदै गयो, त्यति नै मेरो स्वर पनि सानो हुँदै गयो । त्यसपछि मैले आफ्नो परिचय राम्ररी नदिई दिनभर आफ्नो सिटमा चुपचाप बसेँ । यो विद्यालयमा मेरा लागि सामान्य दिन थियो । म सबै जनाबाट टाढै बसेँ, मेरो मजाक उडाउछन् भन्ने डरले उनीहरुलाई सताउन खोजिन ।

सबैले मलाई मेरो रुपरंगका कारण बहिस्कार गरेको कुरा मैले धेरै चाँडैनै बुझेँ । मैले सुन्नु पर्ने टिप्पणीहरू मेरो मोटोपनका कारण झन् खराब हुन थाले । ७–८ मा पढ्ने विद्यार्थीहरूलाई अरूको भावनाको बारेमा धेरै कहाँ नै थाहा थियो र! तिनीहरूले यो बुझ्न सकेनन् कि म मेरो रुपरंग भन्दा माथि छु । तर मैले पनि आखिर मा त्यहिनै बाटो अपनाएँ ।

त्यसबेलादेखि अहिलेसम्म केही परिवर्तन भएको छैन । मेरो साथी भनौँदो एक मात्र व्यक्तिले मेरो लागि संवेदनशील बिषयका बारे अरु सँग ठट्टा गरेको मैले सुनेकी छु । उसलाई अझै थाहा छैन कि हामी भेटघाट गर्दा म हाँसेको नाटक गर्छु । उसको सामना गर्नबाट बच्न मेरो दिमागमा बहानाहरू सिर्जना गर्दै बस्छु ।

"सबै ठिक छ ।" म आफैलाइ भन्छु ।
सबै ठिक छ । सबै ठिक छ ।

तर म को सँग ठट्टा गर्दै छु ? म साँच्चै को सँग मजाक गर्दैछु ?
यो ठिक छैन ।
म ठिक छैन ।





मेरो छातीको भारीपनले मलाई निसास्छ । सायद यो जाडोको हावा हो, म भन्छु – मैले बोकेका भावनाहरूलाई सजिलै सँग इन्कार गर्दै । म आजकल धेरै कुराले भरिएको छु, भावना र शब्द दुबैले भारी छु । ती दुबै कि त कहिल्यै पोखिदैनन् वा सबै एकैचोटि पोखिन्छन्, यो डरलाग्दो छ ।

दुःख मलाई घरजस्तो लाग्छइ लगभग मेरो पूर्वनिर्धारित अवस्था जस्तै, र हुनसक्छ त्यसैले म उदासीतामा फस्टाउँछु, पहिले नै खाडलको फेदमा भएपछि के बिग्रिन्छ भनेर चिन्ता लिनु नपर्दा । म मानिसहरूलाई मबाट फाइदा उठाउन दिन्छु, मेरो प्रयोग गरी खाडलको फेदबाट निस्किन दिन्छु ।

साँच्चैनै भन्नु पर्दा, दुःख भन्दा पनि नराम्रो कुरा क्षणिक सुख हो । शत्रु भन्दा पनि नराम्रो कुरा साथीको रुपमा लुकेको सर्प हो ।

समान संसार खोज्ने क्रममा यो नै मेरो वास्तविकता भएको छ । सुरुमा मैले मौनतालाई स्वीकार गरेँ । तर अब मैले बुझिसकेँ कि मौनताले काम गर्दैन। मैले वर्षौंदेखि मन भित्र राखेका ती तीव्र भावनाहरू भर्खरै मात्र शब्दहरूको रूपमा बाहिर आउन थाले का छन् ।

आज म रिस र इमानदारीता सँग लेख्दैछु । जुन दिन मैले संसार लाई दोषपूर्ण र असमान भनेर स्वीकार गर्छु र आशा गुमाउँछु, त्यो दिन मेरो कलम रोकिन्छ, र मेरा शब्दहरू कतै हराउँनेछन् । मलाई यति मात्र थाहा छ कि आज त्यो दिन होइन। आज म ले ख्छु, आज म आशावादी छु ।

म आफुलाई भन्छु कि म आफ्नो दुःख मेटाउन लेख्छु ।
र म त्यहि नै गर्छु ।
म लेख्छु ।

## सुवी

सुवी, जो समर को नामले पनि चिनिन्छिन्, एक १८ बर्षीय लेखिका हुन् । पढाई पछि एक वर्षको अन्तरालमा बसी उनी नयाँ कुरहरु जान्न र सिक्न प्रयत्न गरिरहेकी छिन् । स्वयम् लाई बुझ्नका निम्तिको यात्रामा लेखन उनका लागि महत्वपूर्ण अंग भएको छ । शब्दहरुमा आफ्नो घर भेटाएकी उनले आशा गर्छिन् कि अरुले पनि उनका शब्दहरुमा आफ्नो घर भेट्टाउने छन् ।

*Instagram account: @suvi.zz*

## झर्ना

झर्ना एक क्वेर व्यक्ति हुन् । १२ कक्षा सक्काएर अहिले उनले वर्ष अन्तराल लिइरहेकी छिन् । कला बनाउने, क्वेर सम्बन्धित कुराहरु हेर्ने तथा आफैसँग कन्सर्ट गर्ने जस्ता कुराहरु उनी धेरै गर्छिन् । कला मात्र त्यस्तो कुरा हो जसले गर्दा उनले समय बितेको पत्ता नै पाउँदिनन् ।

*Instagram account: @shreeshjharana*

प्रबिज्ञान / ज्योति


घाममा पग्लिएको एक्लो टायर जस्तै।

पोलहरूमा झुन्डिएका ती कम्प्याक्ट तारहरू जस्तै ।

अर्को भार समात्न पर्खिरहेको त्यो थकित कुर्सी जस्तै ।

ती अमूर्त वस्तु र चाँदीका खैरो रंग जस्तै ।

हामी परिवर्तन भयौँ, तिमी र म । समयको प्रवाहमा
यो बदलाव आयो । विश्वासघात एक रंग थियो
; कसैको लागि उज्यालो, कसैको लागि शंकास्पद
रुपमै अध्यारो ।
जीवन अनौठो थियो र अनौठोनै हुनेछ । हामी त्यहाँ
थियौँ र अब हामी यहाँनै हुनेछौँ ।
जीवन अनौठो थियो र अनौठोनै हुनेछ। तिमी अगाडी
थियौ, अनि तिम्रो नजर मेरो माथि नै हुनेछ ।





तिम्रो आँखामा घेरिएर हेर्दा ती आँखा भित्र कति धेरै शक्ति, संघर्ष, भ्रम देखेँ मैले । हामीले सामना गर्नुपरेको पीडाले हामीलाई अरू कोहिमा परिवर्तन गरायो ।
यो परिवर्तन शायद राम्रो कै लागि हो, हामीले बल्ल कुराहरु जे हो त्यहि रुपमा बुझ्न थाल्यौँ । तिमीलाई मसँग भएको सबै कुरा दिएपछि पनि तिमीले चुपचाप बस्न ठिक सोच्यौ । यद्यपि म चर्को थिएँ। मैले चिच्याएँ, तिमीले सुन्यौ ।

मैले आँसु झारेँ, तिमी चुप भयौ ।
मैले साँचो कुरा भनेँ – मेरो स्वामित्वमा भएका ती कुरा । हाम्रो कथाको अन्त्यको परिवर्तन गर्ने प्रयास गर्दै, हाम्रो भाग्यमा के लुकेको छ भनि हेर्न तिमीलाई बस्नको लागि बिन्ती गर्ने प्रयास गर्दै। म तिमीलाई हाम्रो लयबद्द मुटुको धड्कनलाई चिन्छु। समयसँग लुकामारी खेल्दै बस्छु ।
म तिमीलाई चिन्थेँ, तिमीले मेरो मस्तिस्कलाई सताइरह्यौ र मेरो हृदयलाई असर गर्यौ, काँडे तार माथि फुल्न खोजिरहेका ती फूलहरू जस्तै ।
राहत, जब तिमी अन्तमा देख्छौ तिमी पापी हैनौ ।
हामी दुवै बिजेता थियौँ ।



र म यहाँ मसँग कुरा गर्ने ती छायाँहरूलाई पछ्याइरहेको थिएँ किनभने तिमी मौन रहन रोज्यौ । यहि मौनता कुनै दिन तिम्रो विपत्ति हुनेछ ।
एकपटक तिमीले मलाई तिमी अनिश्चित छौ भनेकी थियौ । तर यो त यात्राको बारेमा थियो । आफ्नो बाटो खोज्ने कोशिस गर्दै हराएको भटकुरा जस्तै आफूसँग भएका कुराहरु बारे सोच्दै । यात्राका क्रममा समेटिएका ती स्मृतिहरू आफ्ना मनमा राख्दै । पुरानो आत्मा भएको जवान शरीर हुँदा पनि सबै कुरा नयाँ छ जस्तो लाग्छ । तिम्रा ती आफ्नै विचारहरू छन् जुन तिमीले कहिल्यै देखाएनौ । अब सायद त्यही कारणले हामी दुवैमा भ्रम बाहेक केही छैन । हामीसँग ती विनाशकारी विचारहरू बाहेक अरू केही छैन, जसकारण हाम्रो यो नतिजा हुन पुग्यो । हामीले हारेका छौँ, प्रिय । अन्धकारमा हिड्ने यो खेल हार्यौं ।

हामी अँध्यारो बाटोमा खसेका थियौँ, तर हामीले आफूलाई सम्हाल्यौँ, एकअर्कालाई हेरेर हामीले पार गरेका अवरोध सम्झदै मुस्कुराउँदै : लाज, भ्रम, आत्म–शङ्का, हिचकिचाहट । अन्तमा जब यो संसारले हामीलाई भन्यो ... “ठिक गर्यौ,” सबै कुरा रोकियो ।




मेरो लागि, म को हुँ भनेर संसारलाई भन्न साहसी भएको कारण ।
तिनीहरूका लागि, संसारसँग लुकाएको तिनीहरुको कथाका लागि, जुन कथाका लागि मैले प्रशंसा पाएको थिएँ ।
किनकि हरेक कार्यको परिणामहरू हामीले भोग्नै पर्छ ।
म संसारका सामु खुलेर क्वेर भनेर प्रस्तुत भएँ, उनीहरूका लागि क्वेरको अर्थ के हो र मेरो लागि के क्वेरको अर्थ के हो भनि उनीहरुले सोचिरहे ।

अब हेर, यो कसरी समाप्त भयो ?

मलाई विश्वास छ, यो जसरी सुरु भयो, त्यसरी नै समाप्त हुन्छ...

... खतरनाक भ्रममा। किनकि क्वेर वैचारिक छ, तिमी र म जस्तै ।

**प्रबिज्ञान**

प्रबिज्ञान एक लेखक हुन् जो उदासिनता बाहेक अरु केहि मा विश्वास गर्दैनन् ।  उनी सन्ध्या नभए सम्म दिनको उज्यालोमा आकाशमुनि लेख्न रुचाउँछन् । उनी जीवनलाई एक प्रेरणाका रुपमा लिन्छन् जुन कहिल्यै जाँदैन ।


*Instagram account: @prabigyanaryal*

**ज्योति**

ज्योति श्रेष्ठ एक दृश्य कलाकार हुन् जो सडकमा स्वेच्छिक दृश्यहरु खिच्न रुचाउँछिन् । उनी हालसालै एम्.बी.ए गर्दैछिन्, बार चलाउने कोशिस गरेकी छिन्, गिगहरुको आयोजना गर्छिन् र सधैँ सहरमा सबै भन्दा मिठो चिया को तलाशमा हुन्छिन् ।

*Instagram account: @ztstha*

मिमी / इयामी



एक साँघुरो गल्लीमा मेरो क्वेरनेस पल्टिरहेको थियो

अड्किएर ।

घुम्न र हल्लिन पनि पीडादायी थियो

तर,

म मेरो नरम, सजिलो, सहज पक्ष फेला पार्न उठेँ

यो पुरै घेरिएको थियो

फूल वा गुलाबको पंखुडी, वा ऊनीका बलहरू, वा ठूला गद्दाहरूद्वारा होइन

यो गोलाकार भित्र

म ब्यूँझिएको थिएँ!

कत्ति धेरै मानिसहरू;

के मैले मेरो घर फेला पारेँ?

कतै बीच तथा कतै बाहिर

बत्तीहरू प्रतिबिम्बित भए

र मैले इन्द्रेणीमा रंगिएको मान्छेहरूले भरिएको कोठा देखेँ

त्यहाँ मैले मेरा रंगहरू देखेँ

मेरा बेरंग प्रकाश– केही अनुकूलित गर्दै

अनि मैले आफूलाई पहेंलो, हरियो र फिक्का निलो रंगमा रंगें

बैजनी, गुलाबी, र निलो।

अब मेरो ठाउँमा रंगहरू छन् र म मेरो रंग छनौट गर्न सक्छु;

आफूखुशी परिवर्तन गर्दै

## मिमी

मिमी आफ्नो वरिपरिको धेरै कुराहरु बुझ्दिनन्। नयाँ कुरा सिक्नु र "वस्तुहरु" बनाउनु नै उनका लागि आफ्नो अभिव्यक्ति र सान्तवनाका माध्यमहरु हुन् । आफ्नो शान्तिका निम्ति उनी यसलाई थेरापीका रुपमा प्रयोग गर्छिन । उनि जे गर्छिन्, सबै एकरसता तोड्नका लागि गर्छिन्। उनको काम सामान्यतया वास्तविकता, पहिचान र काल्पनिकतासँग सम्बन्धित उनको अनुभवको वरिपरि केन्द्रित हुन्छ ।

*Instagram account: @o_mimi_cha*

## स्यामी

स्यामी, जो स्याम तथा पर्पल नाम ले पनि चिनिन्छन्, एक गैर–द्वयसांखिक व्यक्ति हुन्, तर उनी निरन्तर लैङ्गिक तरलता जनाउने शब्दको प्रयोग गरिरहेका हुन्छन् । उनलाई कला, यात्रा र कविता जस्ता विषयमा रुचि छ । उनी एक सौखिन पाठक हुन् जो यात्रा गर्न रुचाउछन् र हरेक पटक साना बालबालिकाहरु तथा दयालु गाउँले देखेर मनोरंजित हुन्छन् ।


*Instagram account: @____yymmas*

# एसजे / स्याम

**प्रस्तावना**

एकादेशमा कुनै बेला दुई व्यक्तिको कथा हो यो, एक केटी र एक केटा । धेरै कथाहरू जस्तै हाम्रो कथा पनि हाम्रा दुई पात्रहरू भेटेपछि सुरु भयो। हाम्रा पात्रहरू विशुद्ध संयोगले एकअर्काको कलम साथी बन्न आग्रह गर्दा भेट्न पुग्छन्। के यो संयोग मात्र हो या एकअर्कालाई भेट्ने उनीहरुको भाग्यमा लेखेको छ? मानिसहरू एकअर्कासँग भेट्दा धेरै कुराहरू गर्छन् र हाम्रा पात्रहरु पनि यसको अपवाद छैनन् । तिनीहरू बीच केहि खिल्न सक्छ त? वा सम्भवतः केहि अधिक कुरा पनि हुन सक्छ?






१३/०५ /२०१०

नमस्ते,
म आर्या हुँ, मेरो विद्यालयबाट दिइएको 'पत्र–मित्रता कार्यभार' को लागि तपाईंको साथी । म १३ वर्षको हुँ र म किताबहरू पढ्न र हिँड्न मन पराउँछु । यति हाम्रो परिचयको लागि पर्याप्त हुनुपर्छ, हैन र ? मलाई आशा छ हुनेछ ।
यस कार्यभारका लागि मैले विद्यालयलाई पत्रहरूको सट्टा इमेल पो पठाउन सकिन्छ कि भनेर सोधेँ तर गुरुआमाले यो मान्य हुनको लागि पत्रहरू हुनैपर्छ भनेर भन्नु भयो । (पुरानो जमाना जस्तो भयो है, मलाई थाहा छ) ।
यधपी म तपाईंलाई लेख्न र तपाईंबाट सुन्नको लागि तत्पर छु!

१८/०५/२०१०

नमस्ते आर्या,
म सिद्धार्थ हुँ, तिम्रो पत्र मित्र । यति परिचयको लागि पर्याप्त छ :") म पनि १३ वर्षको हुँ, मलाई पहेंलो रंग मनपर्छ र मेरो ब्रुनो नामको कुकुर छ । तिमीलाई भेटेर खुशी लाग्यो!


तिमी मलाई सिड भनेर बोलाउन सक्छौ ।

०८/१०/२०११

प्रिय सिड,
तिम्रो आजको दिन कस्तो रह्यो ? मेरो दिन साँच्चै अनौठो थियो (१४ हुँदा सबै कुरा अनौठो नै लाग्छ!!!) तर आज भने धेरैनै अजीब थियो । आज मेरो महिनावारी भयो, जुन मेरो लागि अनौठो कुरा होइन तर अचानक घरमा सबैले मसँग फरक व्यवहार गरिरहेछन्। मलाई भान्साबाट खाजा पनि लिन जान दिनुभएन । मेरी आमाले मलाई, "अन्ततः तिमी अब एक महिला भयौ ।" भन्नुभयो । उफ !
मलाई लाग्न थालेको छ कि चिल्लो अण्डा हुनु भनेको किशोरी हुनु भन्दा राम्रो रूपान्तरण अवस्था हो । हाहा। मलाई अहिले विवाहको भोजमा जानुछ तर चम्किलो लेहेंगाको सट्टा म मेरो भाइ र बुबा जस्तै सूट लगाउन चाहन्छु भनेर आमालाई भन्दा उनको अनुहार मैले मेरो परिवारलाई नै काट्ने निर्णय गरेजस्तो देखिन्थ्यो । यो पूरै हुर्कने उमेर त्यति रमाइलो छैन जति मैले सोचेको थिएँ ।

१०/१०/२०११

नमस्ते आर्या,
आफ्नो वयस्कतामा पुतली जस्तै सुन्दर हुन एक व्यक्ति आशा मात्र गर्न सक्छ । मलाई आशा छ कि तिमी चाँडै राम्रो महसुस गर्नेछौ र तिम्रो पेट दुखाइले धेरै चोट दिने छैन । मैले सुनेको छु कि कसैकसैलाई महिनावारी हुँदा गर्भावस्थाको दुखाइ जस्तै दुख्छ । अदुवाको चिया पिउनाले सामान्यतया मेरी आमालाई मद्दत गर्छ त्यसैले सायद तिमीले पनि त्यो प्रयास गर्न सक्छौ कि ? म धेरै मद्दत गर्न सक्दिन, माफ गर ।
मलाई पनि लेहेंगा लगाउन ठुलो रहर छ तर मान्छेले मलाई मेरो टाउकोमा सिङ बढेको जस्तै गरी हेर्नेछन् । म दौरा सुरुवाल लगाउँदा लगाउँदा वाक्क भैसकेँ, यो कत्ति सामान्य छ! रंगको नाममा खरानी, खैरो, र माटो-हरियो बाहेक विकल्पनै छैन। कत्ति बेरंग! एक पटक मैले मेरी आमाको साडी लगाएर हेरेँ तर त्यो बेला मेरो बुबाले मलाई दिनुभएको हेराइले मलाई अझै दुःखी बनाउँछ ।
मलाई थाहा छ म यसमा राम्रो देख्छु तर म घरमा एक्लै नभएसम्म लगाउनै सक्दिन। :"(





२३/०३/२०१२

नमस्ते सिड,
आशा छ तिमी सन्चै छौ । मेरो दिन आज एकदम खराब थियो र म तिमीलाई यसको बारेमा भन्न चाहन्छु । याद छ मैले तिमीलाई भनेको थिएँ कि मैले मेरो कपाल छोटो काटेको छु? केटाको जस्तै । मेरो विद्यालयका दाइदिदीहरुले मेरो कपालले गर्दा मेरो खिल्ली उडाउँछन् । उनीहरूले मलाई छक्का भन्छन् ।
उनीहरू म तिर औंला देखाउँदै हाँस्दै थिए । तर यो व्यवहार  मसँग बोल्ने छाडेका साथीहरुको व्यवहार जस्तो खराब थिएन । उनीहरू मलाई हेर्छन् र आफैँमा फुसफुसाउँछन् । अब मसँग त्यति धेरै साथीहरू बाँकी छैनन् । मैले कपाल काट्नु किन यति ठूलो कुरा हो मलाई थाहा छैन । मेरा भाइहरूले कपाल काट्छन्, मेरो बुबाले काट्नु हुन्छ । किन वहाँहरुले आफ्नो कपाल छोटो काट्न पाउँछन् तर मैले पाउँदिन? कपाल छोटो भएकोले वहाँहरुलाई पनि छक्का भनिन्छ?
के तिमीलाई पनि तिम्रो कपालले गर्दा अनेकथरी नामले बोलाउने गर्छन्? म यो बुझ्नै सक्दिन । मान्छेहरु यस्तो नै देखिनु पर्छ भनेर कसले नियम बनाएको हुन्छ र?

२८/०३/२०१२

नमस्ते आर्या,
तिम्रो विद्यालयका कुराहरु सुन्दा मलाई धेरै दुःख लाग्यो । यहाँ पनि शायदै केहि राम्रो छ । मलाई मेरो कपालको लागि छक्का नभने पनि मेरो हिँडाइ, मेरो बोली, र मेरो हाउभाउका कारण मेरो खिल्ली उडाउँछन् । उनीहरूले मलाई केटी जस्तो भन्छन् । मलाई विद्यालयमा लुगा फेर्ने बेला सबैभन्दा धेरै तनाब हुन्छ । मैले शान्तिसँग कपडा फेर्न सबैजना बाहिर निस्कन कुर्नु पर्छ, नत्र सबैले मलाई अनौठो नजरले  हेर्छन्, मानौँ कि म तिनीहरूसँग डराउनुको सट्टा तिनीहरु मसँग डराउँछन् (वास्तविक विडंबना) । शौचालय कत्तिको खराब छन् भनेर मलाई नसोध । सबैको घुराइ र गपशपबाट जोगिन म सधैँ यो सुनिश्चित गर्छु कि त्यहाँ म मात्र हुन्छु । म केटाहरु मात्र पढ्ने विद्यालय जान घृणा गर्छु, किनभने विशेष गरी मलाई केटाहरू मनपर्छ। मलाई थाहा छैन किन म तिनीहरूलाई किन मन पराउँछु, जब तिनीहरु यति खराब हुन सक्छन् ।
एकपटक त्यहाँको एउटा केटाले मलाई मन पराएको नाटक गऱ्यो ताकि उसले आफ्ना साथीहरूसँग मेरो खिल्ली उडाउन सकोस् । उसको लागि ठट्टा भए पनि मेरो लागि त्यो वास्तविक थियो ।

०२/०९/२०१४

नमस्ते सिड,
मैले तिमीबाट सुनेको धेरै भयो । आशा छ तिमी सन्चै छौ । मेरो तिर पनि कुराहरु अनौठो नै छन्। साँचो कुरा गर्दा म कस्तो महसुस गरिरहेको छु भनेर नै मलाई थाहा छैन । मेरो लागि एउटा कुरा गर्छौ ? अब देखि के तिमी मलाई मेरो पुरा नामको सट्टा 'ए' मात्र भन्न सक्छौ ? यो ठूलो कुरा होइन तर खै, नाम र भावनाहरू अजीब छन् र साच्चैंनै म मेरो नामबाट चिनिन चाहन्न । यो म हो जस्तो लाग्दै न.. जस्तो कि यो मसँग मिल्दैन । मलाई लाग्छ कि म पूर्णतया फरक व्यक्तिमा परिणत भएको छु र यो नाम अब मेरो हैन । मलाई लाग्छ कि मैले यसलाई त्यागिसकेको छु । नामहरू अजीब छन् र मलाई यी सबैको बारेमा सोच्दा अनौठो लाग्छ ।

०५/०९/२०१४

प्रिय ए,
म बुझ्दछु। मसँग यो कुरा गरेकोमा धन्यवाद । कहिलेकाहीँ केहि कुराहरु साँच्चैनै अजीब हुन सक्छन् । मलाई मेरी आमालाई म समलिङ्गी हुँ भनेर थाहा छ जस्तो लागिरहेको छ । उनी केहि थाहा नभएको जस्तो व्यवहार गर्छिन् र आशा गर्छिन् कि यो आफै ठिक भएर जानेछ। ठिकै छ, उनलाई शुभकामना किनभने मैले पनि पहिले त्यसो गर्न प्रयास गरेकै हुँ र त्यसले केहि पनि भएन ।
गत हप्ता म साथीसँग किनमेल गर्न गएको बेला मैले आफ्नोलागि गाढा रातो रंगको बुनेको स्कर्ट किनेँ । म साँच्चै यो लगाउन चाहन्छु तर तिमीलाई थाहा छ मेरो बुबा कस्तो हुनुहुन्छ, उनीसँग यस विषयमा बार्ता गर्नै मिल्दैन । मेरो पुरुषत्व मेरो लुगामा छैन वा मलाई मन पर्ने मान्छे मा छैन भनेर मेरो परिवारले बुझिदिए हुने । मैले मेरो यो अंश वहाँहरुबाट लुकाउनु नपाए हुने ।





०८/०७/२०७५

नमस्ते ए,
मैले गरेँ! म समलिंगी हुँ भनेर आफ्नो परिवारलाई भनेँ । मेरो दाँत झर्छ र मैले झोला बोकेर शहर छोड्नुपर्छ होला भनेर मैले सोचेको थिएँ तर यो त्यस्तो नाटकीय भएन । मेरी आमाले "हामीलाई थाहा छ" भन्नुभयो र मलाई दालको कचौरा दिन भन्नुभयो । मैले वर्षौंदेखि वहाँहरुलाई संकेतहरू नदिएको त हैन । वहाँहरु अझै पनि केहि कुराहरु बारे अनभिज्ञ हुनुहुन्छ तर मलाई लाग्छ कि मेरो परिवार मेरो कुरा सुन्न तयार छ । मैले युट्युव मा "मेरो कमिंग आउट" भिडियोहरू हेरेँ र यसले मलाई यो पाइला उठाउन एकदम मद्दत गर्यो । म अझै पनि मेरा आफन्तहरूसँग यसबारे खुलेर कुरा गर्न सक्दिन किनभने उनीहरु रुढिवादी सोचका छन् र म मेरो परिवारले उनीहरूको मूर्ख टिप्पणीहरू सुनेको हेर्न चाहन्न । विशेष गरी मेरो ८० वर्षीया हजुरआमालाई त झड्कानै लाग्नेछ किनकि म वहाँको पहिलो नाति हुँ (र निश्चित रूपमा सबैभन्दा प्यारो :ए) । तैपनि मनबाट ठुलो बोझ उठेझैँ लाग्छ । यद्यपि त्यहाँ अर्को समस्या छ, मलाई स्याम भन्ने केटा मन पर्छ । मलाई थाहा छैन उसले केटाहरू मन पराउँछ कि पराउँदैन तर ऊ साह्रै प्यारो छ । समलैङ्गिक वा अन्यथा, म उसलाई चिन्न चाहन्छु । तिमीलाई यसबारे सुनाउँदै गर्नेछु है ;)

१६/०७/२०७५

नमस्ते सिड,
म तिम्रो लागि धेरै खुसी छु !!! तिम्रो लागि सबै कुरा कस्तो राम्रो भएछ । मलाई यो स्याम केटाको बारेमा सबै भन !!! कुनै पनि विवरण नछोड है, मैले भनेको बुझ्यौ होला नि ;))))

मेरो खबर भने राम्रो छैन, मलाई लाग्दैन कि मेरो परिवारले यो लैङ्गिक कुरालाई राम्रोसँग लिइरहेको छ । म आफै यो लैङ्गिक कुराले गर्दा दुविधामा छु । अहिले सबै कुरा धेरै गडबड छ तर म पक्का छु कि सबै ठिक हुनेछ । भएन भने ए काठमाडौँ, म आउँदैछु है!


१२/०६/२०१६

प्रिय सिड,
आशा छ तिमि सन्चै छौ । म झक्कास छु! र तिमीलाई भेट्न आतुर छु!! तिम्रो लागि एउटा खबर छ !!! अबदेखि म एलेक्स हुँ, 'ए' होइन, 'आर्या' होइन, एलेक्स मात्रै । मलाई यो नाम मन पर्छ । मलाई धेरै समय लाग्यो तर मलाई लाग्छ कि मैले आफ्नो लागि उपयुक्त नाम फेला पारेँ ।
आउँदो हप्ता काठमाडौं आउन म  तयार भैसकेँ ।
यहाँ भैरहवामा मेरो सम्पूर्ण जीवन बिताएपछि अन्ततः मलाई थाहा भएको सबै कुराबाट टाढा जान म तयार छु । नयाँ ठाउँ, नयाँ सुरुवात, नयाँ म!!! म एकदम उत्साहित छु । म किनमेल गर्न जान र अन्ततः मेरो "केटी" लुगाबाट छुटकारा पाउनको लागि आतुर छु (मेरी आमाले यो कहिल्यै थाहा पाउनु हुँदैन) । तिमी स्यामलाई साथमा ल्याउन सक्छौ ;) छिट्टै भेटौँला<3

१४/०६/२०१६

एलेक्स! एलेक्स! एलेक्स!
तिमीलाई फेरि भेट्न पाउँदा धेरै खुशी लाग्यो एलेक्स :)
तिमीले आफ्नोलागि नाम फेला पारेको मा म धेरै खुसी छु । मलाई सुनाएकोमा अझ खुशी लाग्यो । तिम्रो लागि पनि एउटा खबर छ, अनुमान गर त !! स्यामले अन्ततः मलाई उसको प्रेमी बन्न सोध्यो (उसलाई धेरै समय लाग्यो, थाहा छ मलाई!!)
यतिका वर्ष पछि म तिमीलाई भेट्न पाउँदा धेरै खुसी छु । म तिमीलाई वास्तविक जीवनमा भेट्न र स्यामसँग परिचय गराउन पर्खनै सक्दिन ;)))
ऊ पनि तिमीलाई भेट्न पाउँदा धेरै उत्साहित छ!
काठमाडौँको सुरक्षित यात्रा होस्! म विश्वासनै गर्न सक्दिन तिमी यहाँ आउँदै छौ ।
साँची अर्को कुरा, मलाई लाग्छ कि अब हामीले पत्रहरूबाट ई–सन्देशको प्रयोग गर्नुपर्छ, तिमी के भन्छौ ? हामीले यो छलांग लिने समय आयो जस्तो छ :)





## उपसंहार

एकादेशमा कुनै बेला दुई व्यक्तिको कथा हो यो, दुई क्वेर व्यक्ति, आफ्नै व्यक्तिगत पहिचानको साथ । धेरैजसो कथाहरू जस्तै यो कथापनि हाम्रा दुई पात्रहरू भेटिएपछि सुरु भयो । हाम्रा पात्रहरू संयोगवश भेटिए र पत्र मित्र बने। एउटा सानो संयोगले उनीहरूलाई एकअर्कामा सान्त्वना खोज्ने मौका दियो र आफ्नो कथा सुनाउने शक्ति थियो । उनीहरू भेट्दा धेरै कुराहरु भयो र उनीहरूले मिलेर बनाएको सबैभन्दा राम्रो कुरा उनीहरुको मित्रता भयो । उनीहरूले आफूले सोचेको भन्दा धेरै विशेष कुरा फेला पारे र आफ्नै शब्दमा आफ्ना सुन्दर कथा लेखे ।

### एसजे

एसजे क्वेर अधिकार कर्यारता र अनुसन्धान उत्साही हुन् । उनको काम अधिकार तथा सक्रियता, शिक्षा, स्रोत निर्माण जस्ता क्षेत्र वरिपरि केन्द्रित छ । उनी वातावरण स्थिरता, समानता तथा समावेशिता जस्ता विषयमा रुचि राख्छन् । उनी क्वेर मुद्दाहरु र नारीवाद बारे कुरा गर्न पनि मन पराउँछन् ।

*Instagram account: @aess.jaey*

### स्याम

समुन्द्र, जसलाई स्याम भनेर पनि चिनिन्छ, पाँचौं वर्षका मेडिकल विद्यार्थी हुन् जसले बिरुवा, बिज्ञान र कला प्रतिको आफ्नो अनन्त प्रेम र मोहलाई सन्तुलनमा राखी बसेका छन् । हाल उनी #ProjectHeArt2HeArt नामक परियोजनाको व्यवस्था गर्छन् , जस मार्फत उनी समुदायलाई कलाका माध्यमबाट बताइएका साझा जीवनका अनुभवहरूद्वारा नजिक ल्याउन प्रयासरत छन् ।

*Instagram account: @sam__grg*

खोज्/ हिस्सा




**तिमीलाई हेर्ने मात्रै होइन, तिमीलाई देख्ने पनि**

अप्ठ्यारो र अनौठोपन – मैले हावामा महसुस गरेँ,
जताततै आतंक थियो,
मेरो पूर्णता – धेरै अस्पष्ट,
म हराउन मात्रै पाएको भए ....

हे भगवान्, मैले आफैलाई मुश्किलले चिनेको थिएँ,
अथवा सायद मलाई पहिले नै धेरै थाहा थियो ।
तर त्यहाँ मेरो बाल्यकालको 'म' थियो, मेरो क्वेरनेस्
मा पूर्ण रूपमा संलग्न, तर यसबाट धेरै टाढा ।

किनारमा गएर म बसेँ...
मेरो शरीर, मेरो क्वेरनेस् सँग नाच्दै। निडरता र
आनन्दले भरिएको मन ।
तरपनि–
भयभीत। पृथक । विचलित ।
मैले एकै समयमा यी सबै कुरा महसुस गरेँ ।

थकित, म ऐनामा आफ्नो प्रतिबिम्ब हेर्थें, मेरा भित्री
राक्षसहरू र समाजका अपेक्षाहरूसँग लड्दै ।
ती सबैले मेरो दिमाग कब्जा गरेका थिए, अगाडिको बाटो
रोक्दै। मेरो टाउकोमा कालो बादल घुमिरहेको थियो, मेरो
मस्तिस्कमा खालि अस्तित्वको डर थियो ।
म डराएको थिएँ। आफूलाई गुमाउने डर ... वा के मै
ले आफुलाई पहिले नै गुमाइसकेको थिएँ? त्यसपछि
टिप्पणीहरू सुरू भएः
"तिम्रो बोल्ने तरिका, तिम्रो नृत्य, तिम्रो हिँड्ने तरिका –
यो धेरै अजीब छ!"
"सायद तिमीले आफुलाई परिवर्तन गर्नुपर्छ ।"

परिवर्तन ? तिनीहरू मलाई परिवर्तन गर्न चाहन्थे ? अब जब म पछाडी फर्केर हेर्छु, म सोध्छु, “केको लागि ? यो विषमसमिभाव संसारमा आफ्नो अस्तित्व खोज्न ? यो संसारमा बाँच्न ?” बाँच्न... हुनसक्छ ... तर जब हामी हाम्रो पहिचाननै सुरक्षित गर्न सक्दैनौं,




तब हाम्रो अस्तित्वको कुनै मूल्य हुन्छ र ? हामीले पिंजडाबाट मुक्त भएको महसुस गर्नु पर्ने हो ? त्यो हास्यास्पद छ!

जब म पछाडि फर्केर हेर्छु, मलाई थाहा छ, म बाँच्दै र हुर्कँदै छु । म आफैसँग दयालु हुन आवश्यक छ। भविष्यमा पढ्नको लागि म आफैलाई पत्रहरू लेख्छु किनभने म मेरो भविष्यले के पत्ता लगाउनेछ भनेर हेर्न उत्साहित छु । मेरो विकासको पत्र, दया, पीडा, र प्रायः प्रेमको पत्र। हो, मलाई थाहा छैन मेरो भविष्यमा के लेखेको छ । त्यसको कुनै निश्चितता छैन । तर म मेरो भविष्यमा राम्रा कुराहरु प्राप्त गर्न चाहन्छु ।

“तिमी कस्तो महसूस गर्दैछौ ? आज म संसारकै सबैभन्दा खुसी मान्छे हुँ जस्तो लाग्दैछ। म अहिले मेरो उपलब्धि वा त्यस्तो केहि साझा गर्न लागेको छैन। मायामा पनि परेको छैन । म कुनै कारण बिना नै प्रफुल्लित र खुशी महसुस गरिराछु । यो भावना सधैँभरि यसरी नै रहन्छ भन्ने छैन । तर अहिलेको लागि, यस क्षणमा, म धेरै स्वतन्त्र महसुस गर्दैछु । म जे पनि गर्न सक्छु जस्तो लागिरहेकोछ। तिमी चिन्ता नलेउ, म तिमीलाई सम्हाल्छु। म तिमीलाई यहि बताउन चाहन्छु कि खुशी सधैँभरि नरहला, तर तिमी आफुलाई सधैँ माया भने गर्न सक्छौ, हुन्छ ? तिमीलाई अंगालो को न्यानो माया पठाउँदै, म तिमीलाई माया गर्छु!”



समाजले आफ्नै तरिकामा विविधता भएका मानिसहरूलाई नराम्रो नजरले हेर्छ । तिनीहरूले हामीलाई एक निश्चित तरिकाको हुनुपर्छ, देखिनु पर्छ भनेर भन्छन् । र समाजको सबै अपेक्षाहरू पूरा गर्ने बोझ दिन्छन् । यसपछि मात्र हामी समाजमा बस्न स्वीकार्य हुनेछौँ । हाम्रो क्वेरनेस्, विविध लैङ्गिक अभिव्यक्ति, र हाम्रो अद्‌भुतताले तिनीहरूलाई असहज बनाउँछ, तिनीहरू भन्छन् । सबै नकारात्मकता, लाज, र विषाक्तता जुन समाजले हामी भित्र भरेको छ – यसले हामीलाई असर गर्छ, हामी भित्रको बच्चालाई पीडा दिन्छ । तर बिस्तारै, म प्रयास गर्दैछु ... आत्म–सचेत हुन, दयालु हुन, र आफैलाई माया गर्ने प्रयास गर्न ।

म आफैसँग जोडिने धेरै तरिकाहरू खोज्ने प्रयास गर्छु — चाहे त्यो लेखेर होस्, कला बनाएर होस् वा आफैसँग कुरा गरेर — सबै तरिकाहरू जसले मेरो प्रतिबिम्ब झल्काउँछ। यसले मलाई मेरो वास्तविक रुप झल्काउन मद्दत गर्छ । र हरेक पटक म अधिक सशक्त महसुस गर्छु, मसँग आत्मको स्पष्ट भावना हुन्छ, र मेरा भावना अटाउने प्रशस्त ठाउँहरू पत्ता लगाउँछु । यहि नै एक साँचो क्रान्ति हो भनेर म भन्न चाहन्छु!

म ऐनामा आफैलाई हेर्छु, आफैसँग कुराकानी गर्छु, र कहिलेकाहीँ आफैलाई एकल डेटमा पनि लैजान्छु । शब्द, कला, ठाउँ, मान्छे र कल्पनामा आफ्नो घर भेट्टाउँछु । मलाई जुन कुराले सुरक्षित महसुस गराउँछ, मलाई देख्छ र बुझ्छ, त्यहिनै मेरो लागि घर हो ।

आजभोलि जब म आफूलाई ऐनामा हेर्छु, म मुस्कुराउँछु, र आफैलाई भन्छु:
"तिमी अद्‌भुत छौ!"
"तिमी हुर्किँदै छौ र तिमीले जीवनमा लामो बाटो तय गरेको छौ ।"
"म तिमीमा गर्व गर्छु ।"

म आफैलाई प्रेममा डुबाउन खोज्छु, तर त्यसता दिनहरू पनि छन् जब म नकारात्मक आत्म–वार्तामा संलग्न हुन्छु । आखिरमा म पनि मान्छेनै हुँ । तर म आफैलाई जवाफदेही बनाउन प्रयास गर्छु । म आफैसँग कोमल र मायालु बन्ने प्रयास गर्छु ।
म प्रगति हुँदै गरेको काम हुँ । हुरी लाग्दा चारै तिर हल्लिरहेको रूख भए तापनि आखिरमा जमीनमा जरा गाडेको रुख ।

## सेज्

सेज्, जो हाल सामाजिक कार्य र अंग्रेजी साहित्य विषयको स्नातक डिग्रीको अन्तिम वर्षमा छन्, आफुलाई क्वेर व्यक्तिका रुपमा पहिचान गर्छन् । उनको रुचि लेखन तिर छ । कहिले काहिँ मात्रै लेखे तापनि लेखन उनका लागि भावनाको अभिव्यक्तिको उपचारात्मक रूप हो ।

*Instagram account: @sezzites__*

## लिसा

लिसा एक चित्रकार हुन् जसले आफ्नो काम मार्फत संस्कृति, परम्परा र पहिचान खोज्न मन पराउँछिन् । उनका दृष्टान्तहरूमा उनी परम्परागत पोशाक र गहनाहरू प्रयोग गर्न मन पराउँछिन् र उनी प्रायः आफ्नो सिर्जनाहरूमा फेसन र संस्कृतिमा आफ्नो रुचिहरू समावेश गर्छिन् ।

*Instagram account: @_isakumari_*

“तिनी भन्छन्
यो संसार मेरा लागि होइन
त्यसो भए किन मैले यसै
संसारमा जन्म लिएँ,
यदि मेरा लागि नभएको भए ।”

– *फुर्बु ताशी*

